# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ६१ साल संख्या २०८० गते १ अषाढ ,झापा (**

**भाग २**

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः** २०८०३२-०२-

**प्रमाणिकरण मितिः २०८००१-०३-**

# शिवसताक्षी नरपालिकाको बजार व्यवस्थापन निर्देशिका, २०७९ लाइ संसोधन गर्न बनेको निर्देशिका, २०८०

**(पहिलो सम्सोधन, २०८०)**

**प्रस्तावना:**

शिवसताक्षी नगरपालिकाको "शिवसताक्षी नगरपालिका बजार व्यवस्थापन निर्देशिका, २०७९" लाइ समयसाषेक्ष बनाउन वाञ्छनीय भएकोले शिवसताक्षी नगरपालिका नगरकार्यपालिकाले देहाय बमोजिम सम्सोधन गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो निर्देशिकाको नाम शिवसताक्षी नगरपालिका बजार व्यवस्थापन निर्देशिका, २०७९" प्रथम संसोधन निर्देशिका, २०८० रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. निर्देशिकाको दफा ५(१) मा वडा सचिव सदस्य सचिव को सट्टा “स्थानीय भेलाले तोकेको (यसै कार्यविधि गठित बजार व्यवस्थाप समिति भए समितिले मनोनयन गरेको) सचिव” भन्ने शब्दहरु राखिएको ।

३. निर्देशिकाको दफा ५ को स्पष्टिकरण पछी देहायको स्पष्टिकरण थप गरिएको ।

१ तिन पटकसम्मको आमभेला गर्दा पदाधिकारीको चयन सर्वसम्मत हुन नसकेमा सम्वन्धीत वडाको वडा समितिको बैठकले निर्धारण गरे बमोजिम समिति गठन हुनेछ ।

२ दुइ वा दुइ भन्दा बढी वडा क्षेत्रभित्र पर्ने बजारको हकमा संबन्धीत वडासमितको संयुक्त बैठकको निर्णय अनुसार हुने यदि सर्वसम्मत नभएमा उपस्थित बहुमतको निर्णय मान्य हुने ।

३ उपदफा २ बमोजिम बहुमतको निर्णय समेत हुन नसकेमा सो को जानकारी नगरपालिकालाइ तत्कालै गराइ नगरपालिकाको निर्णय बमोजिम हुने ।

४. निर्देशिकाको दफा ४ समितिको पदावधी २ वर्ष राखिएकोमा “३(तिन) वर्ष” भन्ने शब्द राखिएको ।

५. निर्देशिकाको दफा ४ पछी देहायको उपदफा थप गरिएको ।

देहायको

१ यस कार्यविधि बमोजिम गठन भएको स्थानीय बजार व्यवस्थापन समिति दर्ता प्रयोजनका लागि गठन प्रक्रियको सम्पुर्ण दस्तावेज सहित विधान स्वीकृत गरी नगरपालिकामा दर्ता गर्नुपर्नेछ र दर्ता भएपछी नगरपलिकाले दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

**आज्ञाले**

**अमृत बहादुर राई**

**प्रमुख प्रशासकीय अधिकृत**